श्री
# अछाम जिल्ला अदालत
मंगलसेन, अछाम
(प्रशासन शाखा)

☎०९७-६२०१३०

Email:-admin.dcachham@supremecourt.gov.np
info.dcachham@supremecourt.gov.np
Web:-www.supremecourt.gov.np/court/achhamdc

पत्र संख्याः ०८२/०८३
चलानी नं:

सूचना!! सूचना!! सूचना!!!

## लेखापढी व्यवसायीको दरखास्त दिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८२।०५।०९

प्रस्तुत सन्दर्भमा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ को नियम ३ बमोजिम र अछाम जिल्ला अदालतको मिति २०८२।०५।०६ को निर्णयानुसार लेखापढी व्यवसायीको प्रमाणपत्र लिन इच्छुक व्यक्ति कम्तीमा एस.एल.सी वा एस.इ.इ परीक्षा पास भएका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायका कागजात संलग्न राखी कार्यालय समयमा रीतपूर्वकको दरखास्त दिन हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसील

१. परीक्षाको किसिमः लिखित परीक्षा र अन्तर्वार्ता।
२. दरखास्त दस्तुर रु.११०।-(एक सय दश रुपैयाँ)
३. दरखास्त फारामको साथ पेस गर्नु पर्ने कागजातहरु
    (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
    (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
    (ग) ४(चार) प्रति पासपोर्ट साइजको फोटो।
४. दरखास्त फाराम बुझाउने स्थानः अछाम जिल्ला अदालत प्रशासन शाखा, अछाम।
५. दरखास्त फाराम अछाम जिल्ला अदालतबाट प्राप्त गर्न सकिने छ।
६. परीक्षाको फाराम भर्ने अन्तिम मिति नाघी आएको दरखास्त फारामलाई स्वीकृत गरिने छैन।
७. लेखापढी कानून व्यवसायी परीक्षाको लागि दिने दरखास्त फारामको ढाँचा अदालतले तोके बमोजिम हुनेछ।
८. परीक्षा संचालन कार्यविधि लेखापढी कानून व्यवसायी परीक्षा संचालन समितिले तोके बमोजिम हुनेछ।
९. प्रवेश पत्र वितरण, परीक्षा मिति र परीक्षा केन्द्र पछि प्रकाशन गरिनेछ। परीक्षा सम्बन्धी थप जानकारीको लागि अछाम जिल्ला अदालतको प्रशासन शाखामा सम्पर्क गर्नु होला।
१०. सम्पर्क नं:- ०९७-६२०१३०

२०८२।५।९

.........................
राइभान कुन्जेडा
स्रेस्तेदार (उप-सचिव)

स्रेस्तेदार (उप-सचिव)